निर्णयहरु :

विश्वभरी फैलिदैं गइरहेको नयाँ भेरियन्टको कोभिड-१९ को महामारी यस जिल्लाका सबै पालिकाहरुमा समेत तिब्र रुपमा फैलिरहेको हुँदा उक्त रोगको chain break गर्न, मिति २०७८/०१/१९ गतेदेखि २०७८/०२/०१ राती १२:०० बजे सम्म सल्यान जिल्लाभर निषेधाज्ञा लागू गरिएकोमा मिति २०७८/०१/२९ गतेसम्म सक्रिय संक्रमितको संख्या ५३७ पुगेको र दुखद निधन हुनेको संख्या बृद्धि भईरहेको, जिल्लामा ICU तथा Ventilator को सेवा उपलब्ध नभएको, स्वास्थ्य उपचार सम्बन्धी साधन समेत सीमित रहेको र संक्रमण बृद्धिदर उच्चतम विन्दु तर्फ बढ्दै गईरहेकोले जिल्लामा कोभिड-१९ को उच्च जोखिमलाई न्यूनीकरण गर्न तथा उपचारको प्रबन्ध मिलाउन पुनः मिति २०७८/०२/०२ गते राती १२:०० बजेदेखि मिति २०७८/०२/१६ गते राती १२:०० बजेसम्म देहायबमोजिम हुने गरी प्रमुख जिल्ला अधिकारीबाट निषेधाज्ञा जारी गर्न सिफारिश गर्ने निर्णय गरियो ।

## I). सञ्चालन गर्न पाइने सेवा र कार्यहरु

- अत्यावश्यक सेवाहरु - एम्बुलेन्स, ग्याँस, पेट्रोलियम पदार्थ, खानेपानी, औषधी (भेटेरीनरी समेत) तथा उपचारका सामग्री, दुरसंचार, इन्टरनेट, क्वारेन्टाइन, आइसोलेसन, फोहरमैला व्यबस्थापन, बैंकको ए.टी.एम., डाँक सेवा, सार्वजनिक निर्माण ।
- खाद्यान्न, तरकारी, फलफूल, दुध र दुग्धजन्य पदार्थ, मासुजन्य पदार्थ, औषधी तथा उपचारका सामग्री, पशुपंक्षीको घाँस तथा दाना र खाने पानीका ढुवानी सेवाहरु ।
- एम्बुलेन्स, दमकल, झण्डावाला सरकारी र निलो (कुटनीतिक) प्लेटका सवारी साधनहरु, स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन ।
- खाद्यसामग्री, तरकारी, फलफूल, दुग्धजन्य पदार्थका पसलहरु बिहान ६:०० बजेदेखि ९:०० बजेसम्म नेपाल सरकारले तोकेका स्वास्थ्य सुरक्षाका मापदण्ड पूर्णरुपले पालना गरी सञ्चालन गर्ने ।

## II). सवारी पास लिएर सञ्चालन गर्न सक्ने सेवा र कार्यहरु

- माथि उल्लेख भएका बाहेक अन्य अत्यावश्यक काम (अस्पताल आउने जाने, बिरामी र कुरुवा, मृत्यु संस्कारमा अनिवार्य सहभागी हुनुपर्ने अवस्था) का लागि जिल्ला प्रशासन कार्यालयबाट सवारी अनुमति लिनु पर्ने ।
- सञ्चारकर्मी/पत्रकारको हकमा सूचना विभाग वा सम्बन्धित Media House ले जारी गरेको परिचयपत्रको आधारमा आवतजावत गर्न दिने ।

- सार्वजनिक निर्माणका लागि निर्माण सामग्री ढुवानी गर्ने साधनहरु सञ्चालन गर्दा निर्माण कार्य गर्ने आयोजना/कार्यालय/निकायको सिफारिसमा जिल्ला प्रशासन कार्यालयबाट सवारी अनुमति लिनु पर्ने । नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्ड अपनाई निर्माण स्थलमा नै श्रमिकहरु बस्ने व्यस्था मिलाई निर्माण कार्य सञ्चालन गर्ने ।

## III). सभा सम्मेलन र सामाजिक कार्य सम्बन्धमा

- अत्यावश्यक काममा बाहेक घरबाहिर निस्कन तथा हिँडडुल गर्न नपाइने ।
- सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, भौतिक उपस्थितिमा हुने शिक्षण सिकाईका क्रियाकलापहरु, सिनेमाहल, पार्टी प्यालेस, मनोरञ्जन स्थल, सैलुन, ब्युटी पार्लर, समूहमा खेलिने खेलकुद, नाच, मेला, जात्रा, महोत्सव, भोजभतेर तथा भिडभाड हुने कार्यक्रमहरु सञ्चालन गर्न नपाइने ।
- विवाह व्रतबन्धको कार्यक्रम गर्दा १५ जनासम्म मात्र सहभागि हुनु पर्ने र स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्ने गरी जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिएर मात्र गर्ने ।
- मन्दिर, मस्जिद, चर्च आदिमा नित्य पूजा बाहेक सामुहिक भेला हुन, सामुहिक रुपमा आश्रय लिई बस्न, सामुहिक भेला हुने खालका कार्यक्रम गर्न नपाइने ।

## IV). कार्यालय सञ्चालन सम्बन्धमा

- जिल्लाका सरकारी र सार्वजनिक कार्यालयका प्रमुखले आलोपालो पद्धतिअनुसार कर्मचारी खटाई कार्यालयको आन्तरिक व्यवस्थापकीय कार्य गर्ने । अत्यावश्यक बाहेक अन्य सार्वजनिक सेवा हाललाई स्थगन गर्ने ।
- सरकारी कार्यालय लगायत सार्वजनिक सेवा प्रदायक संस्थाहरुको हकमा परिचय पत्र वा जिल्ला प्रशासन कार्यालयबाट जारी भएको सवारी पास लिएर कार्यालय प्रयोजनका लागि मात्र आवत जावत गर्न पाइने ।

V). यस जिल्लामा अन्यत्र जिल्ला वा छिमेकी मुलुक भारत गई फर्कने व्यक्तिहरुले अनिवार्य रुपमा १० दिनसम्म होम क्वारेन्टाइनमा बस्नुपर्ने । होम क्वारेन्टाइनमा बसे नबसेको एवं निजको स्वास्थ्य अवस्थाका सम्बन्धमा सम्बन्धित वडाले अनुगमन गर्ने ।

VI). जिल्लाभित्र तथा जिल्लाबाहिर चल्ने नीजि तथा सार्वजनिक सवारी साधनहरु सञ्चालन गर्न नपाइने ।

२. स्वास्थ्य सेवा कार्यालयमा कोभिड-१९ विरुद्धको कोभिशिल्ड भ्याक्सिन मौज्दात रहेकोले सो मौज्दातबाट नेपाली सेना, सबूज गण, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका भ्याक्सिन लगाउन छुटेका सुरक्षाकर्मीहरुलाई भ्याक्सिन लगाउने व्यवस्था मिलाउने ।

३. कोभिड-१९ को संक्रमित बिरामीलाई मापदण्ड बमोजिमको आयुर्वेदिक औषधी उपलब्ध गराउन हाल भएको बजेट अपर्याप्त भएकोले आवश्यक थप बजेट कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयमा माग गर्न सिफारिश गर्ने ।

४. प्रत्येक पालिकाले आफ्ना क्षेत्रभित्रका विद्यालयका शिक्षक, प्रहरी जनननिर्वाचित प्रतिनिधि र स्थानीय संघसंस्थाको सानो समूहबाट मास्क लगाउन, सामाजिक दूरी कायम गर्न, सावुन पानीले हात धुन वा स्यानिटाइजर प्रयोग गर्न र लक्षण देखिएका विरामीलाई कोभिड-१९ परीक्षण गर्ने जस्ता विषयमा समुदायस्तरमा सचेतना फैलाउन परिचालन गर्ने ।

५. कोभिड-१९ को परीक्षण गर्ने एन्टिजेन किट खरिद गर्दा विश्व स्वास्थ्य संगठनले सिफारिस गरेको किट मात्र खरिद गरी प्रयोग गर्न सबै पालिकाहरुलाई अनुरोध गर्ने ।